महाबु गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

गैडावाज,दैलेख  कर्णाली प्रदेश, नेपाल

(सुचना प्रविधि शाखा)

## सिलबन्दी बोलपत्रपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६/०९।०६**

यस महाबु गाउपालिका को आ.ब. २०७६।०७७ को स्वीकृत कार्यक्रम अनुसारका निम्नानुसारका निर्माण कार्य सिलबन्दी बोलपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र यस सुचनामा उल्लेखित सेवा सर्तको अधिनमा रहि ईच्छुक ईजाजत प्राप्त व्यक्ति वा फर्म तथा कम्पनीहरुले महाबु गा.पा. कार्यालय, दैलेखबाट पछि फिर्ता नहुने गरी रु. ३०००।–तिन हजार तिरी बोलपत्र फाराम खरिद गरी निम्न शर्तको अधिनमा रहि रित पुर्वकको शिलबन्दी बोलपत्र प्रथम पटक सुचना प्रकाशित मितिले ३१ औं दिनको १२.००बजे भित्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सिलबन्दी बोलपत्र आह्वानको सुचना प्रकाशित गरिएको छ ।

तपशिल

१. बोलपत्र फाराम खरिद गर्दा अध्यावधिक नविकरण भएको फर्मको इजाजत प्राप्त पत्र, आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर दर्ता भएको प्रमाण पत्र, आ.ब. ०७५।०७६ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रहरु (मान्यता प्राप्त नोटरी पब्लिकद्धारा) प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । बोलपत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसायी सम्बन्धी कसुर सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र समेत सिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्ने छ । तर कालोसूचीमा परेको व्यक्ति, फर्म, संस्था वा कम्पनीको सञ्चालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्व कायम रहने गरी खोलेको नयाँ फर्म, कम्पनी वा संस्था वा निज आफैं वा निज समेतको नाममा भैरहेको अर्को फर्म, संस्था वा कम्पनीले दरभाउपत्र पेश गर्न पाइने छैन ।

२. निर्माण कार्यको खरिद भएका बोलपत्रहरु रित पूर्वक भरि आवश्यक कागजातहरु संलग्न राखी सहिछाप गरि सिलबन्दी गरि खामको बाहिर ब्यक्ति वा फर्मको पुरा नाम, ठेगाना, कामको विवरण स्पष्ट लेखि ३१ (एकतिसै) औं दिनको १२:०० बजे भित्र यस कार्यालय, दैलेखमा दर्ता गराउनु पर्नेछ । अन्यथा मान्यता दिईने छैन । दर्ता भएका सम्पूर्ण शिलबन्दी बोलपत्र ठेकेदार वा निजको आधिकारीक प्रतिनिधिहरुको र कार्यालयको प्रतिनिधीहरुको रोहवरमा सोहि दिनको २:०० बजे अर्थात मिति २०७६।१०।६गते दिनको २.०० बजे खोलिने छ । बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

३. बोलपत्र साथ धरौटी वापत तपशिलमा उल्लेखित रकम यस कार्यालयको नेपाल क्रेडिट एण्ड कमर्स बैंक महाबु शाखा दैलेखमा रहेको धरौटी खाता नं.१५२०००००००४०१ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२०(एक सय बिस) दिन म्याद भएको बिड बण्ड संलग्न हुनुपर्नेछ । नगद लाई मान्यता दिईने छैन ।

४. ठेक्का अवधी भर कुनै पनि मुल्य बृद्धि दिईने छैन ।

५. लागत अनुमान रकम तपशिल अनुसार रहेको छ ।

६. शिलबन्दी बोलपत्र खरिद गर्ने, दर्ता गर्न र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुनेछ ।

७. शिलबन्दी बोलपत्रमा अंक र अक्षर दुबैमा प्रष्ट सँग दररेट लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा अनिवार्य सहिछाप भएको हुनुपर्नेछ ।

८. नियमानुसार लाग्ने कुनै पनि कर, दस्तुरहरु ठेकेदार स्वयंमले ब्यहोनु पर्नेछ ।

९. म्याद नाघी वा रित नपुगी वा कुनै शर्त राखि पेश हुन आएको शिलबन्दी बोलपत्र उपर कुनै पनि कारबाही गरिने छैन ।

१०. बोलपत्र सम्बन्धी सूचनामा कुनै संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

११. प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२. सिलबन्दी बोलपत्र दाताले लागत अनुमान भन्दा १५ प्रतिशत सम्म कम अंक कबुल गरेमा कबुल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेमा कबुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमको घटी कबुल गरेको छ सो को ५० प्रतिशत हुन आउने रकम कबुल अंकको ५ प्रतिशत थप गरी कार्य सम्पादन जमानत राख्नु पर्नेछ ।

१३. यस सूचनामा लेखिएको हकमा यसै सूचना बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद महाबु गाउपालीकाका नियमावली, २०६४ (संशोधित) र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. शिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालय मा सर्म्पक गर्न सकिनेछ ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | विवरण | लागत अनुमान (मु.अ.कर बाहेक रु.) | विडबण्ड रकम (रु.) | बोलपत्र खरिद दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २/०७६/०७७ | बतासे काप्रीखोला सिचाई निर्माण कुलो निर्माण कार्य | २९,६३,५८७।२१ | ७५,०००। | ३०००।–तिन हजार | |
| | | | | | | |

भक्त बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत